"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## धनकुटा
## १ नं. प्रदेश, नेपाल

मिति :- २०७७/०५/२५

पत्र संख्या : २०७७/०७८
चलानी नं. ३५९

**विषय : जानकारी सम्वन्धमा ।**

श्री नगरक्षेत्रमा रहेका सम्पूर्ण सहकारी संस्थाहरु
धनकुटा नगरकार्यपालिका ।

प्रस्तुत विषयमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको च.नं ५४ मिति २०७७०५।१९ को पत्रवाट मागभई आए अनुसार यस नगरपालिका क्षेत्रमा सञ्चालित सहकारीहरुको लागि समेत सहभागिता गराई संलग्न पत्रानुसारको भर्चुअल तालिम सन्चालन हुने भएकोले शहकारी ऐन, नियमावली तथा कर व्यवस्थापन तालिममा सहभागि हुन ईच्छुक सहकारीहरुलाई संलग्न सूचना फारम अनुसारको वैक खातामा रकम जममा गरी सहभागि हुन जानकारीको लागि अनुरोध छ ।

पुनश्च : सुचना फारम यसैसाथ जानकारीको लागि सँलग्न गरीएको व्यहोरा अनुरोध छ ।

श्री सुचना प्रविधी अधिकृत ज्यु, धनकुटा नगरकार्यपालिका कार्यालय, वेवसाईट अपलोट गर्नुहुन ।

राम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

Fax : 026-520586 Email : info@mundhankuta.gov.np website: www.dhankuta.gov.np

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

च.न. ५४/०७७/७८

धनकुटा नगरपालिका कार्यालय
दर्ता नं. ०६६८८
मिति ०७७।५।२३

मिति: २०७७/०५/१९

श्री सम्पूर्ण सहकारी संघ/संस्था तथा स्थानिय तहहरु

श्री सहकारी शाखा
इच्छुक सहकारी
ई.लाई जानकारी
०७७।५।२३

**विषयः भर्चुअल तालिम कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

राष्ट्रिय सहकारी महासंघ लि. नेपालले समग्र सहकारी अभियानको क्षमता अभिवृद्धि गर्न निरन्तररुपमा विभिन्न प्रकृतिका तालिम कार्यक्रमहरु संचालन गर्दै आईरहेको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा आ. व. २०७७/०७८ मा पनि निरन्तररुपमा सहकारी सघं/संस्थाहरुको माग र आवश्यकताका आधारमा विभिन्न विषयका विशिष्टिकृत तालिमहरु संचालन गर्ने लक्ष्य अनुरुप सहकारी सघं/संस्थाहरुका सदस्य,संचालक, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापक एवं स्थानीय तहका सहकारी शाखाका कर्मचारीहरुलाई लक्षित गरी निम्न मिति र समयमा अनुभवी बिषयबिज्ञहरुद्वारा सहजीकरण हुने गरी **सहकारी ऐन, नियमावली तथा कर व्यवस्थापन तालिम** भर्चुअल माध्यमवाट संचालन हुन गइरहेकोले त्यस संघ/संस्था वा कार्यालयका सम्बन्धित व्यक्तिहरुको यसै पत्रमा संलग्न रजिष्ट्रेशन फारमभरी सहभागी गराइ दिनु हुनका लागि हार्दिक अनुरोध गरिन्छ ।

| क्र.स | तालिमको शीर्षक | संचालन मिति | समय | शुल्क (प्रति सहभागी) |
|---|---|---|---|---|
| १ | सहकारी ऐन, नियमावली तथा कर व्यवस्थापन तालिम | २०७७ भाद्र ३० र ३१ गते | १०:३० - १:३० | रु १५००।- |

**पुनश्चः**

- पहिला आउने सहभागीलाई पहिलो प्राथमिकता दिई तालिममा सहभागी गराइने छ ।
- तालिम रजिष्ट्रेशन शुल्क वापतको रकम यस महासंघको नाममा रहेको राष्ट्रिय सहकारी बैकको बानेश्वर शाखाको खाता नं. १३०००१४ वा राष्ट्रिय वाणिज्य बैकको पुल्चोक शाखाको खाता नं. ११४०००२४०१०१ मा जम्मा गरी बैंक भौचर इमेल trainingncf@gmail.com मार्फत पठाउन सकिने छ ।
- बैंक भौचरको प्रतिलिपि इमेल मार्फत प्राप्त भए पश्चात मात्र सम्बन्धित सहभागिलाई ZOOM ID प्रदान गरिने छ ।

**बिस्तृत जानकारीका लागि**
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पुल्चोक, ललितपुर
फोन नं.: ९८६०९८००२२, ९८५१२१६६५३, ०१-५०१०११६

सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक